# स्थानीय राजपत्र


नौकुण्ड गाउँपालिका, रसुवाद्वारा प्रकाशित

| खण्ड १ | संख्या १७ | मिति: २०७६/०४/०१ |
|---|---|---|


**भाग २**

## नौकुण्ड गाउँपालिका

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको कार्यविधि संख्या १७

# विपद व्यवस्थापन कोष स्थापना तथा संचालन गर्न बनेको विधेयक, २०७६

**प्रस्तावना**

प्राकृतिक तथा दैवी प्रकोपका दृष्टिकोणले नेपाल संसारकै एक संवेदनशिल राष्ट्रको सूचीमा रहेको छ । अव्यवस्थित बसाईसराई, वन जंगलको फडानी तथा अतिक्रमण, परम्परागत खेती प्रणाली, कृषिको आधुनिकरणका नाममा हुने गरेको रासायनिक मल र विषादिको अत्याधिक प्रयोग, जनसंख्याको बढदो चाप, जथाभावी सडक निर्माण, अव्यवस्थित

नौकुण्ड गाउँपालिका, रसुवा

शहरीकरण, जनचेतनाको कमी आदि कारणले हुने आगलागि, बाढी, पहिरो, महामारी, झाडापखाला, भोकमरी, भूकम्प, चट्याङ्ग, सडक दुर्घटना जस्ता प्राकृतिक तथा दैवी विपत्तिमा परी हजारौ मानिसहरुको मृत्यु हुने गरेको छ । यस्ता प्रकोपहरुबाट धनजनको क्षती हुनुका साथसाथै भौतिक संरचनामा समेत क्षति हुनाले आर्थिक सामाजिक विकासमा समेत नकारात्मक प्रभाव पर्न जाने सन्दर्भ सो बाट हुने क्षतिलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने उदेश्यले छुट्टै विशेष कोष स्थापना गरी संचालन गर्न वाञ्छनिय भएकाले नेपालको संविधान २०७२, दैवी प्रकोप उद्धार ऐन, २०३९, श्रोत व्यवस्थापन कार्य विधि, २०६९, राष्ट्रिय प्रकोप व्यवस्थापन कार्ययोजना २०५३, तीन बर्षे कार्ययोजना २०६२/२०६५, प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड २०६४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको विधान २०६५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६,विपद् व्यवस्थापन ऐन २०७३ (प्रस्तावित), प्रकोप जोखिम न्यूनीकरण जन घोषणा २०६६,स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८, जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) २०६७, जलवायु परिवर्तन परिवर्तन नीति २०६७, जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्ययोजनाको संरचना (लापा) २०६८ तर्जुमा र यस्ता आर्थिक सामाजिक, मानविय तथा भौतिक संरचनाहरुको क्षतिलाई न्युनिकरण गर्न हेतु नेपालको संविधानको अनुसूची ८ मा दिएको एकल अधिकार तथा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा (२) न. को (६) बमोजिम नौकुण्ड गाउँ कार्यपालिकाले विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७६ बनाई लागू गरेको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नामः नाम “नौकुण्ड गाउँपालिका, विपद्

व्यवस्थापन कोष (स्थापना तथा संचालन) कार्यविधि, २०७६" रहेको छ ।

(२) यो विनियमावली नौकुण्ड गाउपालिकाको गाउँसभाबाट अनुमोदन भएको मिति देखि लागू हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

(ख) सभा भन्नाले के.आई सिं गाउपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ग) "विपद" भन्नाले कुनै ठाउँमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन तथा वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद सम्झनु पर्दछ ।

(घ) "सञ्चालक समिती" भन्नाले दफा ९.१ बमोजिम गठन भएको विपद व्यवस्थापन कोष सञ्चालन समिति सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले सञ्चालन समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले सञ्चालन समितिको अध्यक्ष र सदस्य- सचिबलाई समेत जनाउदछ ।

(च) "गाउँपालिका" भन्नाले नौकुण्ड गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) प्राकृतिक विपद भन्नाले हिमपात, असिना, हिमपहिरो, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि, वाढी, पहिरो तथा भू स्खलन, डुवान, खडेरी, आँधी, हुरी वतास, तातो हावाको लहर, चट्याङ, भुकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न हुने जुनसुकै विपदलाई जनाउँछ ।

(ज) गैर प्राकृतिक विपद भन्नाले महामारी, अनिकाल, कीट वा सुक्ष्म

नौकुण्ड गाउँपालिका, रसुवा

जीवाणु आतंक, पशु तथा चराचुरङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतंक, खानी, हवाई सडक जल वा औद्योगिक दुर्घटना, आगलागि, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्दछ ।

३. **कोष स्थापना:**

(१) समितीद्धारा सञ्चालन हुने विपद व्यवस्थापन सम्बन्धि कार्यको लागि नौकुण्ड गाउपालिका विपद व्यवस्थापन कोष नामको एक कोष स्थापना गरिएको छ। जुन गाउँ पालिका र त्यसका प्रत्येक वडामा पनि स्थापना गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन: -

(क) नौकुण्ड गाउँपालिकाबाट विपद व्यवस्थापनका लागि बार्षिक रुपमा विनियोजन हुने रकम ।

(ख) के.आई.सिं गाउपालिका बाहेकका अन्य सरकारी निकायबाट प्राप्त हुने रकम ।

(ग) नेपाल सरकार बाट स्वीकृती प्राप्त भए बमोजिम दातृ निकाय,परियोजना, गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम

(घ) कोषलाई सेवा शुल्क वापत प्राप्त हुने रकम ।

(ङ) केन्द्रिय सरकार बाट प्राप्त अनुदान तथा ऋण सहयोग ।

(च) प्रदेश सरकार बाट प्राप्त अनुदान तथा ऋण सहयोग ।

४. **कोषको सचिवालय:**

(१) कोषको सचिवालय गाउ कार्यपालिको कार्यालयमा रहने छ ।

# परिच्छेद- २

## कोषको अवधारणा लक्ष्य उदेश्य र नीति

५. **कोषको अवधारणा:**नौकुण्ड गाउपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद तथा प्रकोप बाट प्रभावित व्यक्ति परिवार संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्रकृतिक विपद बारे सचेतना अभिबृदि गर्दै विपद बाट हताहत हुनेको संख्या न्युनीकरण गर्न, पिडित परिवारको पहिचान गरि राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

६. **लक्ष्य :** प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका परिवार संघसंस्थाहरुलाई राहत तथा पुनः स्थापनामा सहयोग पुऱ्याउने, विपद जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकिकरण गर्दै विपद व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरि मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ ।

७. **कोषको उदेश्य**

(१) विपद पिडितको उद्दार तथा पुनः स्थापनाका लागि जिल्ला, प्रदेश तथा संघ स्थित सबै कार्यालय संघसंस्था बिच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

(२) विपदका दृष्टिकोणले गाउँपालिकाका जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरि विपद रोकथाम तथा विपद जोखिम व्यवस्थापनका लागि भौतिक तथा चेतनामुलक कार्यक्रम गर्ने ।

(३) विपदबाट हुन सक्ने जोखिमलाइ न्युन गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने ।

(४) विपद पिडितको आधारभुत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मुल्याङ्कनका आधारमा तत्काल राहत उपलब्ध गराइ सहयोग गर्ने ।

(५) भवन तथा पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरण मैत्रि तथा भवन निर्माण आचार संहिता बमोजिम गर्ने, गराउने ।

(६) स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ द्वारा निर्देशित विपद जोखिम व्यवस्थापन योजना तर्जुमा मा जोड दिने ।

(७) विपदबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि गाउँपालिकाको क्षमता विकास गर्ने ।

(८) विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै निकायहरुका बीच समन्वय गर्ने ।

(९) विपदबाट पिडित व्यक्तिहरुलाइ तत्काल उद्धार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

(१०)विपद व्यवस्थापन, वातावरण संरक्षण, भवन निर्माण व्यवस्थापन सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्ने गराउने ।

## ८. नीति

(१) विपद पिडितको तत्काल उद्दार गर्ने ।

(२) विपद पिडितलाई उद्दार पछि राहत सहयोग उपलब्ध गराउने ।

(३) विपद पिडितहरुलाइ पहिचान गरि तत्काल पुनः स्थापनका लागि सहयोग पुऱ्याउने ।

(४) विपद पिडितहरुलाई सहयोग उपलब्ध गराउनका लागि सम्बन्धित सबै निकायहरुका बीच समन्वय गर्ने ।

(५) स्थानीय तहमा भवन निर्माण आचारसंहिता बमोजिम भौतिक संरचना निर्माण गर्ने गराउने तथा स्थानीय तहमा विपद जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।

## परिच्छेद-३

## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था**

(१) कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका लागि देहाय बमोजिमको संचालन समिति गठन हुनेछः

क) गाउपालिका अध्यक्ष - अध्यक्ष

ख) उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको प्रतिनीधि - सदस्य

घ) नेपाल प्रहरी, नेपाली सेना तथा सशस्त्र प्रहरीका स्थानीय प्रमुख - सदस्य

ङ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक - सदस्य

च) रेडक्रस सोसाइटी गाउँपालिका शाखा हेर्ने संयोजक - सदस्य

छ) वातावरण, सरसफाई तथा विपद व्यवस्थापन उपशाखा प्रमुख - सदस्य सचिव

(२) व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ ।

(३) वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

(४) आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक जुनसुकै समयमा पनि वोलाउन सकिनेछ ।

(५) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास

नौकुण्ड गाउँपालिका, रसुवा

प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(६) बैठकको निर्णय अध्यक्ष द्वारा प्रमाणित गर्नुपर्नेछ ।

१०. **समितिको काम, कर्तव्य र अधिकारः** (१) विपद व्यवस्थापन कोष संचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) विपद व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने,

ख) कोषको बार्षिक योजना तर्जुमा गरि गाउसभामा पेश गर्ने,

ग) विपद सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने,

घ) विपद बाट पिडित व्यक्ति परिवार र संघसंस्थालाई तत्कार राहत उपलब्ध गराउने,

ङ) विपद बाट पिडितका लागि पुनःस्थापनाको व्यवस्था गर्ने,

च) वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा वातावरण मैत्रि बनाउन समन्वयकारी भुमिका निर्वाहा गर्ने,

छ) विकास प्रकृयामा विपद जोखिम न्यूनीकरणलाइ मुल प्रवाहिकरण गर्ने,

ज) कोषका कार्यहरुको अनुगमन, सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

झ) स्थानीय तहका विपद जोखिम व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै विपद जोखिम व्यवस्थापन लाई संस्थागत गरि विपद उत्थानसिल समाजको निर्माण गर्ने ।

११. **अध्यक्षका काम, कर्तव्य र अधिकारः** अध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,

क) बैठकको अध्यक्षता गर्ने

ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

ग) बैठकमा प्रतिबेदन पेश गर्ने, प्रस्ता पेश गर्ने गराउने

घ) समितिका सदस्यहरुलाइ कामको बाडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

ङ) कोषको वित्तिय श्रोत जुटाउने र परिचालन गर्ने गराउने,

च) कोषका निर्णयहरु सार्वजनिक गरि पारदर्शिता कायम गराउने

छ) कोषको बैठक सहभागितात्मक रुपमा गराउने

ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने

झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्था संग सम्झौता गर्नूपर्ने भए गर्ने गराउने

ञ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृती गर्न गराउन आवश्यक कार्वाही गर्ने गराउने

ट) कोषका कामको अनुगमन मुल्याङ्कन गर्ने गराउने

१२. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार:** कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्ष सँग सल्लाहामा छलफलका विषयबस्तुहरु तयार गरि निर्णयार्थ वैठकमा पेश गर्ने

ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने,

ग) कोषसँग सम्बन्धित सूचनाहरु, तथ्याङ्क तथा अभिलेख अध्यावधिक गर्ने,

घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

च) कोषका कार्यक्रम तर्जुमा स्वीकृती र कार्यान्वयन गर्न आवश्यक कार्वाही गर्ने,

छ) कार्यक्रहरुको अनुगमन गर्ने गराउने,

ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

**१३. सदस्यको काम कर्तव्य र अधिकार:** कोषको सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) बैठकमा उपस्थित भइ छलफलमा सक्रियतापूर्वक भाग लिने,

ख) अध्यक्षको काममा सहयोग पु-याउने,

ग) तोकिएको जिम्मेवारीलाइ पुरा गर्ने,

घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

च) कोषका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुर्‍याउने ।

## परिच्छेद- ४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१४. कोषको वित्तिय व्यवस्थापन**

(१) कोषमा देहायका रकमहरु रहने छन्,

क) गाउँसभा बाट विपद व्यवस्थापन काषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) अन्य स्थानीय तह बाट प्राप्त हुने रकम ,

ग) दातृ निकाय परियोजना गैर सरसरकारी संस्था बाट प्राप्त हुने रकम

घ) कोष लाई सेवा शुल्क बाट प्राप्त हुने रकम

ङ) कोषलाई अन्य विभिन्न स्रोत हरु बाट प्राप्त हुने रकम ।

नौकुण्ड गाउँपालिका, रसुवा

च) संघिय सरकार, प्रदेश सरकार बाट प्राप्त अनुदान सहयोग हुने रकम ।

(२) कोषको रकम नेपाल राष्ट्र बैक द्वारा क वर्गको इजाजत प्राप्त कुनैपनि वैङ्मा छुट्टै खाता खोलि जम्मा गरिने छ । कोषको संचालन गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्था:** कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिए बमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ ।

**१६. बर्जित गरिएको वारे:** कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ ।

**१७. प्रशासनिक व्यवस्था:** कोषको प्रशासनिक तथा आर्थिक कारोबार गाउँ कार्यपालिकाको कर्मचारीहरुबाट नै संचालन गरिनेछ ।

**१८. बैठक भत्ता:** कोषको व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी सदस्यहरु तथा अन्य आमन्त्रितहरुलाइ गाउकार्यपालिकाको निर्णय अनुसार भत्ता उपलब्ध गराइनेछ ।

**१९. कार्यक्रम संचालन सम्बन्धी खर्च व्यवस्था:**

(१) कोष बाट संचालन हुने कार्यक्रमहरु कोषले आफै वा अन्य सरकारी गैरसरकारी निकायसँग मिलेर संचालन गर्न सक्नेछ ।

(२) कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ संस्थाहरुको प्राविधिक सहयोगबाट संचालन गराउन सक्नेछ ।

(३) गाउँपालिका भित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन

सम्बन्धी कार्यक्राहरु अन्य कुनै निकाय द्वारा संचालन गरिन्छ भने उक्त कार्यक्रम संचालनको स्वामित्व गाउ कार्यपालिकामा रहेको मानिनेछ ।

२०. **राहत तथा उद्दार कार्यं संचालन सम्बन्धि व्यवस्था:** गाउँपालिकाका कुनै पनि वडामा विपद आइपरेको अवस्थामा देहाय बमोजिमको व्यवस्थापन गरिनेछ

क) विपद प्रभावित स्थानको पहिचान भइ तत्काल उद्दार को व्यवस्था गरिने

ख) उद्धार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरि वडा कार्यालय मार्फत लगत राख्ने

ग) वडा समितिको वैठक द्वारा विपद प्रभावितहरुको सर्जमिन मुचुल्का गराइ राहत अनुदानका लागि वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने,

घ) वडा स्तरीय विपद प्रभावित पहिचान समिति बाट विपद व्यवस्थापन कोष संचालन समिति समक्ष राहत वितरणका लागि सिफारिस गर्ने,

च) यस खण्डमा जेसुकै लेखिएको भएता पनि यस सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

२१. **विपद प्रभावित वर्गीकरण:** गाउँपालिकामा आइपर्ने विपदबाट प्रभावितहरुको वर्गीकरण देहाय बमोजिम हुनेछः

क) सामान्य प्रभावित : प्राकृतिक वा मानव सृर्जित विपद बाट प्रभावित भएकाहरु जस्तै घर, खेतवारी, मानवीय जीवन, चौपाया तथा पशुपंक्षीमा सामान्य भौतिक क्षति भएका ।

ख) अति प्रभावित : प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका, परिवारका सदस्यको

मृत्यु भएका, वसोवास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङ्ग भङ्ग भइ जिविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेका ।

**२२. राहत वितरण व्यवस्थापन सम्बन्धी:**

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुदा नं. २१ (क) बर्गीकरणमा परेकाहरुलाई प्रति परिवार एक देखि पाँच हजार सम्म उपलब्ध गराउने,

ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुदा नं. २१ (ख) बर्गीकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत उपलव्ध गराउने,

अ) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति परिवार रु ४०,०००।

आ) घरवार विहिन भएका परिवार लाई प्रति परिवार रु ३०,०००।

इ) अंगभङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु २०,०००।

ई) शारीरिक रुपमा घाइते भइ उपचारारत अवस्थामा रहेका प्रति व्यक्ति रु १०,०००।

उ) अति प्रभावितमा सिफारिसमा परेका सार्वजनिक संघ संस्थाहरुको हकमा रु १००००।

**२३. सिफारिस प्रक्रिया:**

(१) विपद प्रभावितहरुका लागि राहतको लागि सम्बन्धित वडा कार्यालयले कोषको सचिवालयमा सिफारिस गर्नु पर्नेछ ।

(२) दफा २३.१ बमोजिमको समितिले गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्दा प्रहरी मुचुल्का अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै उक्त समितिको सिफारिसका लागि क्षतिपुर्ति प्रदान गर्न देहाय बमोजिमको स्तरबाट निर्णय गरिनेछ ।

क) दफा २२(क) बमोजिमका प्रभावितहरुको हकमा गाउँपालिका अध्यक्षले निर्णय गर्न सक्नेछ ।

ख) दफा २२(ख) बमोजिमका प्रभावितहरुको हकमा संचालक समितिले निर्णय गर्न सक्नेछ । यो समितिले बहुमतका आधारमा निर्णय गर्न सक्नेछ ।

ग) तर कार्यपालिकाले दफा २१(क) र २१(ख) को अन्तर्गत परेका प्रभावितको लागि क्षतिपुर्ति निर्धारण गर्न बाधा पर्ने छैन ।

## परिच्छेद- ५
## विविध

२४. **विषेश व्यवस्थाः** विपद प्रभावितहरु लाई तत्काल राहत उपलब्ध गराउनको लागि रकम व्यवस्थापन गर्न रु २०,००० कोषबाट नगदै झिकेर राख्न सकिनेछ ।

२५. **विविध :** कोष बाट कार्यक्रम संचालन गर्नुपर्नेः गाउँ कार्यपालिकाको कार्यालय, गाउँकार्यपालिका र यस अर्न्तगतका समिति वा उपसमिति बाट विपद सम्बन्धि कार्यक्रम संचालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछन् ।

२६. **जाँच पास तथा फरफारकः** कोष बाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

२७. **गाउँपालिका विकास योजनामा समावेश गर्नेः** कोष बाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउपालिकाको विकास योजनामा समावेश गर्नु पर्नेछ ।

२८. **कार्यविधिको संशोधनः** यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

## २९. बचाउ र खारेजी:

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा गाउकार्यपालिकाले कोषलाइ खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

**प्रमाणीकरण मितिः २०७६।०३।१४**

**आज्ञाले,**
**लोकहरी थापा**
**प्रमुख प्रशासकीय अधिकृत**

नौकुण्ड गाउँपालिका, रसुवा